**सपनामा**

- बाबु त्रिपाठी

सपनामा
बाढीहरू आए
र, मलाई भने-
"ती हरिया फाँटहरू बगाइदिन्छौ ।"

मैले शिर उठाएर उनीहरूलाई भनेँ
"हिम्मत भए बगाऊ
म तिमीहरू विरूद्ध पहाड बनेर उभिन्छु ।"
हिमालले-
मेरो समर्थनमा ताली बजायो ।

झिलमिल आकासले भन्यो
"धर्ती छोडेर आऊ
म तिमीलाई जून दिन्छु
यि जम्मै ताराहरू दिन्छु ।"

अर्जाबेको-
धारिलो कोदाली देखाउँदै
मैले आकासलाई भनेँ-
"म यही धर्तीमा फलाइदिन्छु
जून र ताराहरू ।"

झण्डा फर्फराइरहेको थियो

बाटोमा-
यही शताब्दी हिँडिरहेको देखेँ
र, बालाई भनेँ-
"बा,
म पनि हिँड्छु

नहिँडेका राजमार्गहरू छन्

हिँड्छु-
नपुगेका छाप्रा झुपडीहरूमा पुग्नु छ
हिँड्छु-
नटेकेका गल्ली-गोरेटाहरू टेक्नु छ

हिँड्छु-
नभोगेका दुःखहरू भोग्नु छ

ठूलो मान्छे होइन
-केवल मान्छे बन्नु छ
आफैँलाई चिन्नु छ
देश चिन्नु छ
सिमानसम्म हिँड्छु

तर
हिँड्न पाएँ भन्दैमा
म देश छोडेर हिँड्दिनँ ।


नवलपरासी
हाल : बत्तीसपुतली काठमाडौँ, नेपाल
फोन नं. ९८४१३१६१५४
इमेल : babutripathi@hotmail.com